अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०३/०४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादीहरु हिरा सिंह विष्ट, लक्ष्मण दत्त जोशी, दान सिंह कार्की, गंगादत्त भट्ट, हर्क नारायण जोशी, श्रीक्रेशन बडायक, विशन सिंह थापा, दिलाराज पन्त, जय बहादुर विष्ट, नयन सिंह कुँवर, नमराज भट्ट र पुष्पराज जोशी मु.नं (०७८-CR-००८४) फैसला मिति २०८१/०१/२४	सरकारी सार्वजनिक सम्पत्तिको गैरकानुनीरु पमा दर्ता भोग चलन।	**आयोगको माग दावी** • **महेन्द्रनगर नगर विकास समितिका तत्कालीन अध्यक्ष पल्टु रानाको हकमा** - महेन्द्रनगर नगर विकास समितिका तत्कालीन अध्यक्ष पल्टु रानाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसूर गरेकोले निजलाई सरकारी सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरेको विगो रु.१,९३,११,४०० (एक करोड त्रियानब्बे लाख एघार हजार चार सय रुपैया) कायम गरी निज तत्कालीन नगर विकास समितिका अध्यक्ष पल्टु रानालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन तथा ऐ. ऐनको दफा २४ ले परिभाषित गरेबमोजिम नगर विकास समितिको अध्यक्षको पदमा रही उक्त वारदातमा संलग्न रहेको र उक्त नगरविकास समिति सार्वजनिक संस्था रहेको साथै निज पल्टु राना उक्त संस्थाको प्रमुख महाप्रवन्धक वा सो सरहको व्यक्ति देखिँदा निजउपर सोही दफा २४ बमोजिम थप सजायसमेतको मागदावी लिईएको छ। साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम निज प्रतिवादीबाट बिगो रु.१,९३,११,४००।- (एक करोड त्रियानब्बे लाख एघार हजार चार सय रुपैया) समेत असुल उपर गरी पाउन मागदावी लिईएको अवस्था छ। • **तत्कालीन महेन्द्रनगर नगर विकास समितिका नायब सुब्बा पुष्पराज भट्ट र ईन्जिनियर मोहन देव भट्ट तथा निजामती सेवा अन्तर्गत रही समितिमा कार्यरत रहेका अमिन तुलादत्त जोशीको हकमा-** तत्कालीन महेन्द्रनगर नगर विकास समितिका नायब सुब्बा पुष्पराज भट्ट र ईन्जिनियर मोहन देव भट्ट तथा निजामती सेवा अन्तर्गत रही समितिमा कार्यरत रहेका अमिन तुलादत्त जोशी समेतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसूर भएको देखिएकोले निजहरुलाई सरकारी सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरेको देहायबमोजिमको जनही विगो कायम गरी निज तत्कालीन नगर विकास समितिका कर्मचारीहरु नायब सुब्बा पुष्पराज भट्ट, अमिन तुलादत्त जोशी र ईन्जिनियर मोहन देव भट्टलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी सोही ८(१) बमोजिमको जनही बिगो असुलउपर गर्न मागदावी लिने तथा प्रतिवादी ईन्जिनियर मोहन देव भट्टको हकमा गैरकानुनी निर्णय प्रक्रियाबाट प्राप्त गरेको कित्ता नं. ७२२को क्षेत्रफल ५५१.२५ बर्गमिटरको जग्गा हाल निजकै स्वामित्वमा रहेको देखिएकोले सो जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत समेत गरी नगर विकास समितिकै नाममा कायम गर्न मागदावी लिईएको अवस्था देखिन्छ । • **तत्कालीन महेन्द्रनगर नगर विकास समितिका कर्मचारीहरु लेखापाल हिरा सिंह विष्ट, खरीदार दान सिंह कार्की, खरिदार लक्ष्मण दत्त जोशी, सुपरभाईजर गंगादत्त भट्ट, कार्यालय सहयोगी हर्क नारायण जोशी, कार्यालय सहयोगी श्रीक्रेशन बडायकका हकमा-** तत्कालीन महेन्द्रनगर नगर विकास समितिका कर्मचारीहरु लेखापाल हिरा सिंह विष्ट, खरीदार दान सिंह कार्की, खरिदार लक्ष्मण दत्त जोशी, सुपरभाईजर गंगादत्त भट्ट, कार्यालय सहयोगी हर्क	**फैसलाः** प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला। **विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः** • प्रतिवादीहरु मध्येका पल्टु राना, मोहन देव भट्ट, पुष्पराज भट्ट र तुलादत्त जोशीले टिप्पणीमा हस्ताक्षर गरी नगर विकास समिति ऐन, २०४५ ले तोकेको कानुनी व्यवस्था विपरीत सम्बन्धित नगर विकास समितिको निर्णय नगराई उक्त नगर विकास समितिको स्वमित्वमा रहेका जग्गाहरु गैरकानुनी रुपमा विभिन्न व्यक्तिहरुलाई वदनियतपूर्वक विक्री वितरण गरेको भन्ने देखिएको । • प्रतिवादीहरु **हिरा सिंह विष्ट, दानसिंह कार्की ,लक्ष्मण दत्त जोशी, गंगादत्त भट्ट, हर्क नारायण जोशी र श्रीकेशन वडायक**ले को निवेदन माग बमोजिम यी प्रतिवादीहरुलाई जग्गा वितरण गरिएको भए पनि जग्गा वितरण गर्ने निर्णय प्रक्रियामा यी प्रतिवादीहरुको प्रत्यक्ष संलग्नता भएको देखिन नआएकोले यी प्रतिवादीहरु **हिरा सिंह विष्ट, दानसिंह कार्की ,लक्ष्मण दत्त जोशी, गंगादत्त भट्ट, हर्क नारायण जोशी र श्रीकेशन वडायक**ले आरोपित कसुर गरेको पुष्टि भएको देखिएन। • प्रतिवादीहरु **विशन सिंह थापा, जय बहादुर विष्ट, दिलाराज पन्त, नयन सिंह कुँवर, नमराज भट्ट र पुष्पराज जोशीले** सार्वजनिक सम्पत्ति अरुको नाममा दर्ता गर्ने कार्यमा यी प्रतिवादीहरुको बदनियतपूर्वक संलग्नता भएको	• **प्रतिवादीहरु मालपोत कार्यालय कन्चनपुरका मालपोत अधिकृतहरु विशन सिंह थापा, जय बहादुर विष्ट, शाखा अधिकृत दिलाराज पन्त, नायव सुब्बा नयन सिंह कुँवर, खरिदार नमराज भट्टको हकमाः**_नगर विकास ऐन, २०४५ को दफा ४ मा नगर विकास समितिको गठन सम्बन्धी व्यवस्था रहेको र सोही ऐनको दफा ४.२ ले उक्त समितिमा रहने सदस्यहरुमा **मालपोत कार्यालयको प्रमुख तथा प्रतिनिधि समेत सदस्य रहने व्यवस्था भएको हुँदा** सोही व्यवस्था अनुरुप मालपोत कार्यालयको प्रतिनिधि वा प्रमुख समेतको उपस्थितिमा नगर विकास समितिको बैठक बसी समितिको बैठकले निर्णय गरे बमोजिम नगर विकास ऐन तथा नगर विकास निर्देशिका समेतले तय गरेका कानूनी प्राबधानका आधारमा जग्गा बिक्री वितरण गर्नु पर्नेमा सो नगरी नगर विकास समितिका अध्यक्षको एकल तोक आदेशका आधारमा आदेशानुसार भनी गरेको पत्राचारको मात्र आधारलिई नगर विकास समितिका कर्मचारीहरुसँग मिलेमतो तथा मोलाहिजा गरी हचुवाको भरमा नगर विकास समितिको स्वामित्वमा रहेको जग्गाहरु मिना अधिकारी, धनादेवी विष्ट, देवकी कुमारी जोशी, खड्क बहादुर रावल, राम बहादुर सिंह ठकुरी, आशा खत्री, रिता खत्री, कलवाती देवी जोशी र गणेश बहादुर ऐरलाई भूमिसुधार तथा मालपोत कार्यालयका यी कर्मचारीहरु विशन सिंह थापा, जय बहादुर विष्ट, दिलाराज पन्त, नयन सिंह कुँवर, नमराज भट्ट समेत संलग्न भई वितरण गरेको मालपोत कार्यालय कन्चनपुरबाट प्राप्त निर्णय मिसिल समेतका कागजातबाट देखिन आई प्रस्तुत वारदातमा यी प्रतिवादीहरु समेतको संलग्नता रहेको पुष्टि भईरहेको अवस्थामा निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला मिसिल संलग्न प्रमाण मूल्याँकनको रोहमा त्रुटिपुर्ण भई वदरभागी छ। • **<u>नापी कार्यालय कन्चनपुरका तत्कालीन कित्ताकाटमा संलग्न नापी अधिकृत पुष्पराज जोशीको हकमा</u> -:**नगर विकास ऐन, २०४५ को दफा ४ बमोजिम नगर विकास समितिको बोर्डमा नापी कार्यालयको प्रतिनिधि पदेन सदस्य रहने व्यवस्था देखिन्छ । नगर विकास समितिको बैठकमा नापी कार्यालयका कार्यालय प्रमुख वा निजले तोकेको प्रतिनिधिले प्रतिनिधित्व गर्ने गरेको मिसिल संलग्न कागजातहरुबाट देखिन्छ। नापी कार्यालयका कार्यालय प्रमुखले नगर विकास समितिको स्वामित्वमा रहेको जग्गा मालपोत कार्यालयबाट व्यक्तिका नाउँमा जग्गाधनी दर्ताश्रेस्ता कायम गर्ने प्रयोजनार्थ कित्ताकाटका लागि पत्राचार भई आएका अवस्थामा कित्ताकाट गर्नुपूर्व प्राप्त पत्रको व्यहोरा एवं प्रमाण समेत बुझि कित्ताकाट गर्नुपर्ने जग्गाको स्वामित्वको बैधानिकता परिक्षण गर्ने, जग्गाको श्रोत यकिन गर्ने तथा नगर विकास समितिको स्वामित्वको जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता श्रेस्ता कायम गर्ने सम्बन्धमा नगर विकास समितिबाट निर्णय भएको भनिएको विषय आफु समेत सदस्य रहने नगर विकास समितिको बैठकमा उपस्थित भई निर्णय नगरेको अवस्थामा नगर विकास समितिबाट निर्णय भई

			नारायण जोशी, कार्यालय सहयोगी श्रीक्रेशन बडायकले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी सोही ऐनको दफा ८(१) बमोजिम बिगो असुलउपर गर्न तथा नगर विकास समितिबाट जग्गा लिई हालसम्म स्वामित्वमा रहेका कर्मचारीहरुको हकमा ऐ. ऐनको दफा ४७ बमोजिम जग्गा जफत गरी नगर विकास समितिकै नाममा कायम हुन मागदाबी लिईएको अवस्था देखिन्छ। • **प्रतिवादी दानसिंह कार्कीको हकमा** - दानसिंह कार्कीले भिमदत्त नगरपालिका वडा नं. १५ कित्ता नं. ३४५३ को क्षेत्रफल ५६१.२० वर्ग मिटरको न्युनतम मुल्यांकन रु.२२,४४,८००/- (अक्षरेपी बाईस लाख चौवालिस हजार आठ सय) पर्ने जग्गा कानुनी प्रावधान विपरित आफ्नो नाममा दर्ता स्रेस्ता कायम गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) को कसूरमा ऐ. ऐनको दफा ८(१) बमोजिम बिगो रकम असुल उपर गरिपाउने मागदावी लिनु पर्ने अवस्था रहेको छ । निजको मृत्यु भएको भन्ने मिसिल संलग्न मृत्युदर्ता प्रमाणपत्रबाट देखिदा निजको हकमा प्रचलित कानुन बमोजिम निजको हक खाने अंशियारबाट बिगो रु.२२,४४,८००/- (अक्षरेपी बाईस लाख चौवालिस हजार आठ सय) ऐ. ऐनको दफा ८(१) बमोजिम असुल उपर गर्ने प्रयोजनको लागि मात्र मागदावी लिईएको अवस्था देखिन्छ। • **कार्यालय प्रमुख (मालपोत अधिकृत) विशन सिंह थापाका हकमाः** तत्कालीन मालपोत कार्यालय, कञ्चनपुरमा कार्यरत कर्मचारीहरुमध्ये कार्यालय प्रमुखको भूमिकामा अन्तिम निर्णय गर्ने निज विशन सिंह थापाले निज कार्यालय प्रमुख (मालपोत अधिकृत) विशन सिंह थापाले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसूर भएको देखिएकोले निज प्रमुख मालपोत अधिकृत विशन सिंह थापालाई सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरेको निम्नबमोजिमको विगो रु.१,९३,११,४००।- (अक्षरेपी एक करोड त्रियानब्बे लाख एघार हजार चार सय) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.१,९३,११,४००।- (अक्षरेपी एक करोड त्रियानब्बे लाख एघार हजार चार सय) असुल उपर गरी लिन मागदावी लिईएको अवस्था देखिन्छ। • **नायव सुब्बा नयन सिंह कुँवरका हकमाः** मालपोत कार्यालय, कञ्चनपुरमा तत्कालीन नायब सुब्बा पदमा कार्यरत नयन सिंह कुँवरले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) वमोजिमको कसूरको मतियार हुने कसूर गरेको देखिएकोले निजलाई बिगो रु.१,७०,६६,६००।- (अक्षरेपी एक करोड सत्तरी लाख छैसट्ठी हजार छ सय) कायम गरी सोमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ वमोजिम ऐ. ऐनको दफा ८ को उपदफा (१) वमोजिम हुने सजायको आधा सजाय गरी उल्लिखित बिगोको आधा बिगो रु.८५,३३,३००।– (पचासी लाख तेत्तीस हजार तीन सय) ऐ. ऐनको दफा ८(१) र दफा २२ बमोजिम असुलउपर गर्न मागदावी लिईएको अवस्था देखिन्छ। • **शाखा अधिकृत दिलाराज पन्तका हकमाः** मालपोत कार्यालय, कञ्चनपुरमा तत्कालीन शाखा अधिकृत पदमा कार्यरत दिलाराज पन्तले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा	नदेखिएकोले आरोपित कसुर गरेको पुष्टि भएको देखिएन।	आएको हो होइन सो समेत बुझि कित्ताकाट गर्न मिल्ने नमिल्ने यकिन गरेर मात्र कित्ताकाट गर्नुपर्नेमा तत्कालीन नापी कार्यालयका प्रमुखले सो सम्बन्धमा कुनै आधार प्रमाण नबुझि वदनियत राखी मालपोत कार्यालयको पत्रको आधारलिई नगर विकास समितिका कर्मचारीहरुसँग मिलेमतो तथा मोलाहिजा गरी हचुवाको भरमा नगर विकास समितिको स्वामित्वमा रहेको जग्गाहरु अन्य व्यक्तिका नाममा हक हस्तान्तरण गर्न कित्ताकाट गर्ने कार्यमा संलग्न भएको मालपोत कार्यालय कन्चनपुरबाट प्राप्त निर्णय मिसिल समेतका कागजातबाट देखिन आई प्रस्तुत वारदातमा यी प्रतिवादी पुष्पराज जोशीसमेतको संलग्नता रहेको पुष्टि भईरहेको अवस्थामा निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला मिसिल संलग्न प्रमाण मूल्याँकनको रोहमा त्रुटिपुर्ण भई वदरभागी छ। • **तत्कालीन महेन्द्रनगर नगर विकास समितिका कर्मचारीहरु हिरा सिंह विष्ट, दान सिंह कार्की,लक्ष्मण दत्त जोशी, गंगादत्त भट्ट, हर्क नारायण जोशी र श्री केशन वडायकले** नगर विकास समितिको जग्गा वितरण गर्दा नगर विकास ऐन, २०४५ को दफा ५, दफा ६, दफा ८, दफा ९, दफा १०, दफा ११, दफा १२ दफा १२क, दफा १२ख ले समितिको जग्गा प्राप्ती, जग्गा विकास तथा विक्रि वितरण समेतका सम्बन्धमा रहेको कानुनी व्यवस्थाको प्रतिकुल हुने गरी तथा नगर विकास निर्देशिका, २०६१ को दफा ५ ले व्यवस्था गरेको जग्गा व्यवस्थापन सम्बन्धी प्रकृया अन्तर्गत न्युन आय वर्ग तथा विशेष वञ्चित समुह पहिचान गर्ने आधारहरु, विकसित घडेरीको न्युनतम मुल्य निर्धारण गर्ने तरिका, विकसित घडेरी तथा जग्गा वितरण गर्दा अपनाउनु पर्ने प्रणाली (बोलपत्र, चिठ्ठा, विशेष निर्णय अन्तर्गत विकसित घडेरी तथा जग्गाको व्यवस्था) जग्गाको मुल्य चुक्ता गर्ने सम्बन्धी व्यवस्था, न्युन आय वर्ग र विशेष वञ्चित समुहलाई शर्त सहित जग्गा उपलब्ध गराउनु पर्ने सम्बन्धी कुनै प्रक्रिया अवलम्वन नै नगरी जग्गा वितरण गर्ने विषय समितिको बैठकबाट निर्णय नगराई समितिको मिति २०६४।०७।३० को निर्णयमा नगर विकास समितिका कर्मचारीहरुले घडेरी जग्गा माग गरेको सम्बन्धमा छलफल हुँदा समितिले जग्गा वितरण गरेको बखतमा प्राथमिकता दिने भनी उल्लेख भएको विषयलाई आधार बनाई तत्कालीन अध्यक्ष पल्टु रानाको टिप्पणी सदर गराई सोको आधारमा जग्गाको तिर्नुपर्ने न्यूनतम मूल्यसमेत नबुझाई समितिको स्वामित्वमा रहेका जग्गाहरु आफ्नो नाममा दर्ता स्रेस्ता कायम गरी गराई आफूलाई प्राप्त अधिकारको दुरुपयोग गरी आफूलाई व्यक्तिगत लाभ हुने गरी नेपाल सरकारलाई हानि नोक्सानी गर्ने कार्यमा प्रत्यक्ष संलग्न भई भ्रष्टाचारजन्य कार्य गरेको तथ्य पुष्टि हुँदा हुँदै मिसिल संलग्न तथ्य प्रमाणहरुको मुल्याङ्कन नगरी प्रतिवादीहरुलाई आरोपदावीबाट नै सफाई दिने ठहर गरी भएको विशेष अदालतको फैसला त्रुटीपूर्ण रहि बदरभागी रहेको छ। • अतः माथि विवेचित आधार,कारण र मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादीहरुले एक आपसमा मिलेमतो गरी महेन्द्रनगर नगर विकास समितिको नाममा दर्ता श्रेस्ता रहेको सार्वजनिक जग्गा गैरकानूनी रुपले व्यक्तिका नाउँमा दर्ता श्रेस्ता कायम गराई भोगचलन समेत गरेको र उक्त कार्यामा तत्कालीन

			८ को उपदफा (१) को देहाय (ज) वमोजिमको कसूरको मतियार हुने कसूर गरेको देखिएकोले निजलाई बिगो रु.८३,४०,८००।- (अक्षरेपी त्रियासी लाख चालीस हजार आठ सय) कायम गरी सोमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ वमोजिम ऐ. ऐनको दफा ८ को उपदफा (१) वमोजिम हुने सजायको आधा सजाय गरी उल्लिखित बिगोको आधा बिगो रु.४१,७०,४००।- (एक चालीस लाख सत्तरी हजार चार सय)ऐ. ऐनको दफा ८(१) र दफा २२ बमोजिम असुलउपर गर्न मागदाबी लिईएको अवस्था देखिन्छ। • **खरिदार नमराज भट्टका हकमाः** मालपोत कार्यालय, कञ्चनपुरमा तत्कालीन खरिदार पदमा कार्यरत नमराज भट्टले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) वमोजिमको कसूरको मतियार हुने कसूर गरेको देखिएकोले निजलाई बिगो रकम रु.२२,४४,८००।- (अक्षरेपी बाईस लाख चौवालीस हजार आठ सय) कायम गरी सोमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ वमोजिम ऐ. ऐनको दफा ८ को उपदफा (१) वमोजिम हुने सजायको आधा बिगो रु.११,२२,४००।- (एघार लाख बाईस हजार चार सय) ऐ. ऐनको दफा ८(१) र दफा २२ बमोजिम असुल उपर गर्न मागदाबी लिएको देखिन्छ। • मिना अधिकारी, धनादेवी विष्ट, देवकी कुमारी जोशी, खड्क बहादुर रावल, राम बहादुर सिंह ठकुरी, आशा खत्री, रिता खत्री, कलवाती देवी जोशी र गणेश बहादुर ऐर उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम उक्त जग्गाहरु जफत गरी नगर विकास समितिको नाममा कायम गरी जग्गा जफत गर्ने प्रयोजनका लागि प्रतिवादी कायम गरिएको अवस्था देखिन्छ। **अदालतको फैसला** • **प्रतिवादीहरु** प्रतिवादीहरुमध्येका पल्टु राना, मोहन देव भट्ट, पुष्पराज भट्ट र तुलादत्त जोशीले टिप्पणीमा हस्ताक्षर गरी नगर विकास समिति ऐन, २०४५ ले तोकेको कानुनी व्यवस्था विपरीत सम्बन्धित नगर विकास समितिको निर्णय नगराई उक्त नगर विकास समितिको स्वमित्वमा रहेका जग्गाहरु गैरकानुनी रुपमा विभिन्न व्यक्तिहरुलाई वदनियतपूर्वक विक्री वितरण गरेको देखियो। निज प्रतिवादीहरुले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) अन्तर्गतको कसुर भएकाले सो कसुरमा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ८(१) बमोजिम जनही १ एक वर्ष ६ महिना कैद र बिगो रु.१,९३,११,४००/- को दामासाहीले हुन आउने रु.४८,२७,८५०।- (अठचालिस लाख सत्ताइस हजार आठ सय पचास रुपैयाँ) जरिबाना हुने ठहर्छ। प्रतिवादी पल्टु रानाको हकमा उक्त ऐनको दफा २४ बमोजिम थप ६ महिना कैद सजाय हुने ठहर्छ। अभियोग दावीमा उल्लिखित विभिन्न प्रतिवादीहरुको नाममा रहेका कि.नं. र सोबाट परिवर्तन भएका कित्ता जग्गाहरु समेत सोही ऐनको दफा ४७ बमोजिम जफत भई उक्त नगर विकास समितिको नाउँमा कायम हुने ठहर गरी पैसला भएको। • मिना अधिकारी, धनादेवी विष्ट, देवकी कुमारी जोशी, खड्क बहादुर रावल, राम बहादुर सिंह ठकुरी, आशा खत्री, रिता खत्री, कलवाती देवी जोशी र गणेश बहादुर ऐर **नाममा रहेको जग्गा जफत हुने ठहर गरी फैसला भएको।** • प्रतिवादीहरु **हिरा सिंह विष्ट, दान सिंह कार्की, लक्ष्मण दत्त जोशी, गंगादत्त भट्ट, हर्क**		महेन्द्र नगर विकास समितिको लेखापाल पदमा कार्यरत हिरा सिंह विष्ट. खरिदार पदमा कार्यरत लक्ष्मण दत्त जोशी, खरिदार पदमा कार्यरत दान सिंह कार्की, सुपरभाईजर पदमा कार्यरत गंगादत्त भट्ट, कार्यालय सहयोगी पदमा कार्यरत श्री क्रेशन बडाय, कार्यालय सहयोगी पदमा कार्यरत हर्क नारायण जोशी, कञ्चनपुरमा मालपोत अधिकृत पदमा कार्यरत हाल शुक्लाफाँटा नगरपालिका, कञ्चनपुरमा कार्यरत विशन सिंह थापा, तत्कालीन मालपोत कार्यालय, कञ्चनपुरमा शाखा अधिकृत पदमा कार्यरत हाल अवकास प्राप्त दिलाराज पन्त, तत्कालीन मालपोत कार्यालय, कञ्चनपुरमा शाखा अधिकृत पदमा कार्यरत हाल अवकास प्राप्त जय बहादुर विष्ट, कञ्चनपुरमा नायब सुब्बा पदमा कार्यरत हाल यातायात व्यवस्था कार्यालय कञ्चनपुरमा कार्यरत नयन सिंह कुँवर, तत्कालीन मालपोत कार्यालय, कञ्चनपुरमा खरिदार पदमा कार्यरत हाल अवकास प्राप्त नमराज भट्ट, तत्कालीन नापी कार्यालय, कञ्चनपुरमा नापी अधिकृत पदमा कार्यरत हाल अवकास प्राप्त पुष्पराज जोशी समेत १२ जनाको प्रत्यक्ष संलग्नतामा तह तह को टिप्पणी एवं निर्णय हुँदै उक्त सरकारी जग्गा व्यक्तिको नाममा दर्ता कायम गरी नोक्सानी पुर्याएकोले प्रतिवादीहरुले आरोपदावी बमोजिमको कसूर गरेको पुष्टि हुँदा हुँदै मिसिल संलग्न सबुद प्रमाणहरुको मुल्याङ्कन नगरी प्रतिवादीहरुलाई आरोपदावीबाट सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण भएकोले उक्त फैसला वदर गरी प्रतिवादीहरुलाई आरोपदावी वमोजिम नै सजायगरीपाउँ ।

			नारायण जोशी, श्रीक्रेशन बडायक, विशन सिंह थापा, जय बहादुर विष्ट, दिलाराज पन्त, नयन सिंह कुँवर, नमराज भट्ट र पुष्पराज जोशीले आरोप दावीवाट सफाई पाउने ठहरी फैसला भएको।		